# मध्यपश्चिम विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

## दोस्रो दीक्षान्त समारोहमा सहभागी हुन फाराम भर्ने सूचना

(सूचना प्रकाशित मिति २०७८/०९/२२)

मध्यपश्चिम विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा सहभागी हुन यस विश्वविद्यालय अन्तर्गतका मानविकी र सामाजिक शास्त्र सङ्काय, व्यवस्थापन संकाय, शिक्षा शास्त्र सङ्काय, विज्ञान तथा प्रविधि सङ्काय र इन्जिनियरिङ सङ्कायबाट मिति २०७८ साल माघ २९ गते (February 12, 2022) सम्म स्नातक, स्नातकोत्तर, दर्शनाचार्य (M.Phill.) तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका एवं सोही अवधिभित्र विद्यावारिधि (Ph.D.) तह पूरा गरेका इच्छुक विद्यार्थीहरूले परीक्षा व्यवस्थापन कार्यालयद्वारा वितरण गरिएको आवेदन फाराम भरी मिति २०७८ साल फागुन ३ गते (February 15, 2022) साँझ ५:०० बजेसम्म बुझाउनुहुन सूचित गरिन्छ ।

**आवेदन फारामसँगै बुझाउनुपर्ने आवश्यक कागजातहरू :**

(१) स्वदेशी विद्यार्थीको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र विदेशी विद्यार्थीको हकमा राहदानीको प्रतिलिपि एक प्रति ।

(२) ट्रान्सक्रिप्टको प्रतिलिपि एक प्रति ।

(३) MRP साइजको फोटो दुई प्रति ।

(४) नेपाल बंगलादेश बैंक, सुर्खेत शाखामा रहेको यस मध्यपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयको खाता नं. 028004311C मा तोकिएको शुल्क जम्मा भएको सक्कल भौचर ।

- दीक्षान्त समारोहमा सम्मिलित हुन चाहने विद्यार्थीहरूले निम्नानुसार शुल्क जम्मा गर्नुपर्नेछ ।

| तह | दीक्षान्त तथा प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | जम्मा रु. |
|---|---|---|---|
| स्नातक | ४,५००/- | २,०००/- | ६,५००/- |
| स्नातकोत्तर | ५,०००/- | २,०००/- | ७,०००/- |
| दर्शनाचार्य | ५,५००/- | २,०००/- | ७,५००/- |
| विद्यावारिधि | ६,०००/- | २,०००/- | ८,०००/- |

- दीक्षान्त समारोहमा एक जना अभिभावक सरिक गराउन सकिनेछ । यदि अभिभावक पनि सरिक गराउने भएको खण्डमा रु.५००/- (फिर्ता नहुने) थप शुल्क लाग्नेछ ।
- दीक्षान्त समारोहको विस्तृत कार्यक्रमबारे जानकारी पछि प्रकाशित गरिनेछ ।

परीक्षा व्यवस्थापन प्रमुख
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत